नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# राहदानी विभाग
त्रिपुरेश्वर, काठमाडौं
NS/ISO 9001:2015 प्रमाणीकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

प.सं.- डि.ओ.पी/एड्मीन-०४
च.नं.- १३५१

मिति- २०८२।११।२९

श्री सबै जिल्ला/इलाका प्रशासन कार्यलयहरु
श्री विदेशस्थित सबै नेपाली नियोगहरु

विषय: अन्तरिम अवस्थामा राहदानी सेवा व्यवस्थापन सम्बन्धमा ।

राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणालीमार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिका लगायतका आवश्यक तयारी गरिसकेको र सम्भवत: २०८३ जेठ महिनामा हालको प्रणालीबाट नयाँ प्रणालीमा राहदानी सेवा रुपान्तरण हुने छ । उक्त अन्तरिम समयमा प्रणाली स्थिर भै नसक्ने र सेवा प्रवाहमा सानातिना समस्या आउन सक्ने र पूर्ण क्षमतामा नचल्न सक्ने भएकोले अन्तरिम अवस्थाहरुको बारेमा जानकारी गराउँदै आगामी छ महिनासम्म अर्थात २०८३ असोज भित्रमा राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीहरुले अन्तरिम अवस्था शुरु हुनु अगावै नियमानुसार सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोग वा राहदानी बिभागबाट समयमै राहदानी सेवा लिनको लागि अनुरोध गरी यस विभागले जारी गरेको सूचना यसैसाथ संलग्न छ ।

तसर्थ, यस सम्बन्धमा तहाँ कार्यालयहरुबाट समेत आवश्यक प्रचार-प्रसार गरी २०८३ असोजसम्म राहदानी बनाउनुपर्ने सेवाग्राहीलाई उक्त अन्तरिम अवधि अगावै अर्थात २०८३ बैशाख मसान्त भित्रै आवेदन दिई राहदानी सेवा लिन आग्रह गर्ने व्यवस्थाका लागि निर्देशानुसार अनुरोध छ ।

(सोमेश थापा)
निर्देशक

राहदानी विभाग, त्रिपुरेश्वर, काठमाण्डौ, नेपाल, फोन: +९७७-१-५९७०३३०, +९७७-१-५९७०३३१, +९७७-१-५९७०३३२
Website: www.nepalpassport.gov.np

नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

## अन्तरिम अवस्थामा राहदानी सेवा व्यवस्थापन सम्बन्धमा

## जरुरी सूचना

राहदानी विभागले राहदानी खरिदका लागि नयाँ आपूर्तिकर्तासँग सम्झौता गरी नयाँ प्रणाली मार्फत राहदानी जारी गर्न राहदानी प्रणाली, राहदानी पुस्तिका लगायतको आवश्यक तयारी गरिसकेको जानकारी गराउँछौं । अबको एक-दुई महिना भित्रमा हालको प्रणालीबाट नयाँ प्रणालीमा बदली (Switch) हुने र उक्त अन्तरिम अवस्थामा प्रणाली स्थिरीकरण (Stabilization ) नभएसम्म देहायको अवस्था हुन सक्ने देखिएको छः-

क) जिल्ला/इलाका प्रशासन तथा विदेशस्थित नेपाली नियोगबाट प्रदान गरिने राहदानी सेवा १ देखि ३ हप्तासम्म बन्द हुन सक्ने ।

ख) राहदानी विभागबाट प्रदान गरिने राहदानी सेवा करिब १ हप्तासम्म बन्द हुन सक्ने ।

ग) नयाँ प्रणाली कार्यान्वयन भएपश्चात् प्रणाली स्थिरीकरण (Stabilization) हुन १ देखि ३ महिना सम्म लाग्ने भएकोले उक्त अन्तरिम अवधिमा जिल्ला/इलाका प्रशासन कार्यालय तथा विदेशस्थित नेपाली नियोगबाट आवेदन दिंदा राहदानी तयार भई जारी हुन हालको भन्दा बढी समय लाग्न सक्ने ।

अतः उक्त अवस्थालाई मध्यनजर गर्दै आगामी ६ महिनासम्म (अर्थात् २०८३ असोज भित्रमा) राहदानी आवश्यक पर्न सक्ने सेवाग्राहीले अन्तरिम अवस्था शुरु हुनु अघि नै नियमानुसार सम्बन्धित जिल्ला/इलाका प्रशासन कार्यालय वा विदेशस्थित नेपाली नियोग वा राहदानी विभागबाट राहदानी सेवा लिनु हुन हार्दिक अनुरोध छ ।

साथै नयाँ प्रणाली शुरु हुने मिति तथा उक्त अवधिमा गरिने व्यवस्थाका सम्बन्धमा अर्को सूचना मार्फत जानकारी गराइने बेहोरा समेत सादर अनुरोध छ ।

राहदानी विभाग
मितिः-२०८२ फागुन २८ गते